धनगढीमाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी, सिरहा
मधेश प्रदेश, नेपाल
www.dhangadhimaimun.gov.np
mundhangadhi@gmail.com
033-545238, 033-545271

प.सं.:२०८१/८२ (योजना तथा अनुगमन शाखा)
च.नं.: १३३९

मिति: २०८२।०२।२३ गते

**श्री सरोकारवालाहरु (सबै),**
**धनगढीमाई नगरपालिका,**
**धनगढी, सिरहा ।**

**विषयः भुक्तानी बन्द हुने सम्बन्धमा ।**

प्रस्तुत् विषयमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उपनियम १ बमोजिम नियमावलीले फ्रिज नहुने भनि तोकेको शीर्षकको रकम बाहेक अन्य सबै प्रकारका भुक्तानी दिनु पर्ने रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा आद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नु पर्ने व्यवस्था भएको हुँदा यस कार्यालयबाट भुक्तानी लिन बाँकी कार्यालय, उपभोक्ता समिति, निर्माण व्यवसायी, गैर सरकारी संस्था, सहकारी संस्था, व्यवसायिक फर्म संस्थाहरुलाई सम्पूर्ण खर्च सम्बन्धी कागजातहरु **मिति २०८२ असार २० गते** भित्र नियमानुसार तयार गरी समय सिमा भित्र पेश गर्न जानकारी गराईन्छ । साथै तोकिएको समय सिमा भित्र कार्यालयमा भुक्तानीको लागि कागजात पेश नभएमा/भुक्तानी नलिएमा कार्यालय जवाफदेही नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

..............
विशेश्वर प्रसाद यादव
नि० प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:**
श्री वडा कार्यालयहरु (सबै),
श्री आन्तरिक तथा विषयगत शाखाहरु (सबै),
श्री सूचना प्रविधि शाखाः सूचना वेभसाइट/फेसबुकमा अपलोड गर्नु हुन ।
धनगढीमाई नगरपालिका, धगनढी, सिरहा ।